म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक १४३ शुक्रबार, १६ पुस २०७८ द्वादशी ने. सं. ११४२ थिंलागा 31 December, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## राष्ट्रिय सभाको निर्वाचनका लागि अधिकृतको कार्यालय स्थापना

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडामा राष्ट्रिय सभा सदस्यको निर्वाचनका लागि निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ । बिहीबार हेटौंडा-५ स्थित बागमती प्रदेश निर्वाचन कार्यालयमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको हो ।

बागमती प्रदेशको निर्वाचन अधिकृतमा जिल्ला अदालत मकवानपुरको मुख्य न्यायाधीश डिल्लीरत्न श्रेष्ठ नियुक्तसमेत भएका छन् । माघ १२ मा हुने निर्वाचनमा राष्ट्रिय सभा सदस्यमा कार्यकाल सकिएका १९ जना मध्ये बागमती प्रदेशमा २ जना चुनिने छन् । एक महिला र एक खुलातर्फका सदस्य पदमा माघ १२ गते हेटौंडामा मतदान हुनेछ ।

कार्यालय उद्घाटनमा मकवानपुरका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, प्रदेश निर्वाचन अधिकारी लुम्बनाथ पोखरेल, मकवानपुरका प्रहरी प्रमुख प्रहरी उपरीक्षक सुरेन्द्र बहादुर गुरुङलगायतको उपस्थित थिए ।

### हेटौंडा उपमहानगरपालिकाको दशौं नगरसभा

# पाँच महिनामा साढे २१ प्रतिशत खर्च

### - बजेट संशोधन प्रस्ताव पेश - बजेट खर्च निराशाजनक

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्ष २०७८/०७९ को पाँच महिना अवधिमा साढे २१ प्रतिशत मात्रै बजेट खर्च गरेको छ ।

हेटौंडा उपमहानगरले चालु आवमा ६० करोड ५४ लाख अर्थात २१ दशमलव ५४ प्रतिशत मात्रै बजेट खर्च गरेको उपप्रमुख मिनाकुमारी लामाले जानकारी दिएकी छन् । बिहीबार उपमहानगर पालिकाको दशौं नगरसभामा वित्तिय अवस्था प्रस्तुत गर्दै उपप्रमुख लामाले चालु आवको पाँच महिनामा खर्च कम देखिनुमा प्राविधिक कारण रहेको बताएकी छन् । उनले अधिकांश क्षेत्रगत आयोजना तथा कार्यक्रम सम्झौता भएर सञ्चालन भइरहेको र खर्च भुक्तानी भइनसकेको कारण बजेट खर्च कम भएको बताइन् ।

'धेरै आयोजना र कार्यक्रम चलिरहेकै कारण भुक्तानी भइसकेको छैन् । त्यसकारण खर्च कम देखिएको हो । क्षेत्रगत खर्चमा कमी देखिएपनि असार मसान्तसम्म बजेट खर्चमा उल्लेखनीय प्रगति हुने अपेक्षा लिएका छौं ।', लामाले भनिन् । उपमहानगरपालिकाले विकासको क्षेत्रमा २० करोड ८२ लाख ५३ हजार, कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा ९ करोड ७७ लाख ५४ हजार, सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फ १ करोड २ लाख ८९ हजार, सामाजिक विकासमा २७ करोड ५० लाख ९७ हजार, आर्थिक विकासको क्षेत्रमा १ करोड ४० लाख ४८ हजार खर्च भएको उपप्रमुख लामाले जानकारी दिएकी छन् ।

उपमहानगरपालिकाले आर्थिक वर्ष २०७८/०७९ का लागि दुई अर्ब ६० करोड १५ लाख ५२ हजार ९ सय १० रुपैयाँको बजेट ल्याएको थियो । दशौं नगर सभामा बजेट संशोधनको प्रस्ताव पेश गरेको छ । लामाका अनुसार संशोधित बजेट २ अर्ब ८५ करोड प्रस्ताव गरिएको हो । नगर सभाबाट पारित नीति तथा कार्यक्रम र संशोधित बजेटले नगरवासीका जीवनस्तरमा गुणात्मक सुधार हुँदै जाने नगर प्रमुख हरिबहादुर महतले विश्वास दिलाएका छन् ।



**सफाई कर्मचारीदेखि डाक्टर रुइतसम्म सम्मानित**

उपमहानगरले नगर क्षेत्र सरसफाई गर्ने मजदुरदेखि आँखाका डाक्टर सन्दुक रुइतलाई सम्मान प्रदान गरेको छ ।

दृष्टिविहीनलाई दृष्टि प्रदान गर्ने, शल्यक्रियाको क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफलतासँगै आँखा उपचारको क्षेत्रमा प्रविधिको विकास गर्न सफल भएको भन्दै डा रुइतलाई सम्मान गरिएको हो । नगरसभामा रुइत उपस्थित नभएपछि नेपाल आँखा कार्यक्रमका कार्यकारिणी सदस्य हेटौंडा सामुदायिक आँखा अस्पतालका संरक्षक सिद्धिलाल श्रेष्ठमार्फत डाक्टर रुइतलाई सम्मानपत्र दिइएको छ । ललितकलाका माध्यमबाट आफ्नो विशिष्ट पहिचान बनाउन सफल भएको भन्दै हेटौंडा-१८ का मूर्तिकार लक्ष्मण भुजेललाई सम्मान गरिएको छ ।

हेटौंडाका खेलाडी अन्जन विष्ट, हेटौंडा-१४ का सुनिल बल, हेटौंडा-१८ का आयुष घलान पुरस्कृत भएका छन् । उनीहरुले जनही ३५ हजार रुपैयाँ पाएका छन् । यसैगरी पूर्वराष्ट्रिय बक्सिङ खेलाडीसमेत रहेका पिप्ले युवा क्लबका अध्यक्ष सुशिल घिमिरेलाई खेल क्षेत्रको विकासमा अनवरत लागिपरेको भन्दै सम्मान गरिएको छ । हेटौंडा-७ का आशा विशेष पाठशाला तथा पुनर्स्थापना केन्द्र सञ्चालन गरी बौद्धिक अपाङ्गता संरक्षण र विकासका क्षेत्रमा काम गर्ने आइना वार्का न्यौपानेलाई सम्मान गरिएको छ ।

यसैगरी नगरका दुइ वडालाई उत्कृष्ट घोषित गर्दै थप अनुदानसहित पुरस्कृत गरिएको छ । नगरसभाबाट गत आर्थिक वर्ष २०७७/०७८ मा वित्तिय प्रगतीको आधारमा हेटौंडा-१९ नम्बर वडा प्रथम भएको छ । हेटौंडा-१९ का वडाध्यक्ष नरनाथ सुवेदीसहित वडा कार्यालयलाई २० लाख रुपैयाँ थप अनुदानसहित पुरस्कृत गरिएको हो । हेटौंडाको ९ नम्बर वडा कार्यालय द्वितीय घोषित भएको छ । ९ नम्बर वडालाई १५ लाख रुपैयाँ थप अनुदानसहित पुरस्कृत गरिएको छ । हेटौंडा-९ का वडाध्यक्ष लक्ष्मण प्रसाद भण्डारी हुन् ।

नगरसभाबाट ६ जना कर्मचारी पुरस्कृत भएका छन् । उपमहानगरका अधिकृत आठौं तहका मनोज कुमार सुवेदी, सातौं तहका रामकृष्ण थापा, सुबोध थापा, अधिकृत छैठौं तहका महेन्द्र चापागाई, बरिष्ठ सहायक पाँचौ तहका केसबप्रसाद देवकोटा र हेल्थ असिष्टेन्ट मिना कुमारीलाई पुरस्कृत गरिएको हो ।

उनीहरुले जनही नगद ७५ हजार रुपैयाँ पाएका छन् । कार्यक्रमको अबसरमा हेटौंडा उपमहानगरपालिका न्यायिक समितिका मेलमिलापकर्ता संयोजक रामचन्द्र अर्याल, मेलमिलाप कर्ता हटिया संयोजक सरस्वती पौडेललाई पुरस्कृत गरिएको छ ।

उनीहरुलाई जनही २५ हजार नगदसहित पुरस्कृत गरिएको हो । दिर्घ सेवा पदक कर्मचारी सम्मानबाट अधिकृत नवौं तहका भिम प्रसाद तिमल्सिना, आठौं तहका रोषन रिजाल, जगनाथ सापकोटा, भैरव कुमाल, छैठौं तहका अमोद प्रसाद मैनाली, सहकायक स्तरका जयराम पुलामी मगर, बिनोद सुवेदी, हिम प्रसाद पौडेल, राजेन्द्रनाथ पोखेल, सावित्री श्रेष्ठ, शिबध्वज गोदार, शोभाकान्त लम्साल, फडिन्द्र शर्मा, दुर्गा कार्की सम्मानित भएका छन् ।

## मनाइयो तमु ल्होसार



साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-११ शहिद स्मारकमा बिहिबार तमु ल्होसार वर्ष मनाइएको छ । तमु ह्युल छौंज धीं गुरुङ राष्ट्रिय परिषद् मकवापुरको आयोजनामा ल्होसार मनाइएको हो ।

गुरुङ राष्ट्रिय परिषद् मकवानपुरका अध्यक्ष अमिर तमुको अध्यक्षतामा भएको कार्यक्रममा गुरुङ राष्ट्रिय परिषद् केन्द्रीय सदस्य जंगबहादुर तमुको प्रमुख आतिथ्यता रहेको थियो ।

ल्वों बर्गलाई बिदाई गर्दै तो बर्गलाई स्वागत गर्दै अग्रज व्यक्तिबाट टीका लगाएर शुभकामना आदानप्रदान गरिएको थियो । कार्यक्रममा करिब २ सय गुरुङहरुको उपस्थित रहेको थियो ।

कार्यक्रमका प्रमुख अतिथि गुरुङ राष्ट्रिय परिषद् केन्द्रीय सदस्य जंगबहादुर तमुले साँस्कृतिक विविधताले भरिएको मुलुक भएकोले सबैको सस्कृतलाई जगेर्ना गर्नुपर्ने बताए । तमुको संस्कार सबैले भुल्दै गएको हुँदा सबैले त्यसको अध्यन गरेर आफनो पर्व मनाउदै अगाडि बढ्न आग्रह गरे ।

कार्यक्रममा आदिवासी जनजाती महासंघ मकवापुरका अध्यक्ष तिर्थ बहादुर थापा मगर , संरक्षक पुष्प गुरुङ, थारु कल्याणकारी सभाका अध्यक्ष हरिलाल चौधरी, आदिवासी जनजाती पत्रकार महासंघका अध्यक्ष अशोक सुजन श्रेष्ठलगायतको उपस्थिति रहेको थियो ।

# माघ तेस्रो सातादेखि हेटौंडामा शहिद स्मृति गोल्डकप

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडामा माघ तेस्रो सातादेखि शहिद स्मृति गोल्डकप हुने भएको छ । अखिल नेपाल फुटबल संघ (एन्फा)ले शहिद स्मृति गोल्डकपको मिति तय गरेको छ ।

गतवर्ष जिल्ला फुटबल संघले स्थानीय तह शहिद स्मृति राष्ट्रिय फुटबल प्रतियोगिताका रुपमा हेटौंडा-१० फरेष्ट्रि मैदानमा गोल्डकप गरेको थियो । उक्त गोल्डकपमा मकवानपुरका दशवटै स्थानीय तहले प्रायोजन गरेका थिए ।

हेटौंडा उपमहानगर पालिकाले १५ लाख, थाहा नगर पालिकाले १० लाख र मकवानपुर गढी, मनहरी, राक्सिराङ, कैलाश, बकैया, भीमफेदी, बागमती, इन्द्रसरोबर गाउँपालिकाले ५-५ लाख सहयोग गरेका थिए ।

एन्फाले हेटौंडामा शहिद स्मृति राष्ट्रिय फुटबल प्रतियोगिता माघ १६ गतेबाट २६ गतेसम्म गर्न जिल्ला फुटबल संघलाई मिति उपलब्ध गराएको हो । फोमसलमा हुने राष्ट्रिय स्तरको प्रतियोगिता गर्न एन्फाले समय तालिका उपलब्ध गराउने गरेको छ ।

एन्फाले मोफसलमा गर्दै आईरहेको मुख्य ठूला ६ गोल्डकप फुटबलको मिति गरेको हो । माघ ६ देखि १५ गतेसम्म पोखरामा आहा रारा गोल्डकप, फागुन १४ देखि २१ सम्म बुटवलको तिलोत्तमा गोल्डकप, सोही मितिमा इटहरी गोल्डकप, फागुन १९ देखि २८ सम्म पोखरा गोल्डकप र फागुन २६ देखि चैत्र ५ गतेसम्म सिमरा गोल्डकप हुने जनाइएको छ ।

जिल्ला फुटबल संघ मकवानपुरका अध्यक्ष टिकाराम लामाले एन्फाले उपलब्ध गराएको मितिमै शहिद स्मृति गोल्डकप हुने जानकारी दिए । 'एन्फाले हाम्रो आग्रह अनुसार मिति उपलब्ध गराएको छ । अब गोल्डकपको तयारीमा जुट्छौं ।,' लामाले भने । संघले गोल्डकप हेटौंडा-५ पिप्लेस्थित क्याम्पाडाँडा खेल मैदानमा गर्ने तयारी गरेको छ । क्याम्पाडाँडामा पिप्ले युवा क्लबले प्याराफिट सहितको रंगशाला निर्माण गरिरहेको छ ।

यसैगरी २० पुसदेखि मकवानपुरको जिल्ला लिग फुटबल प्रतियोगिता फागुनमा सार्ने तयारी संघको छ । शहिद स्मृति गोल्डकप आयोजनाको मिति नजिक आइसकेकोले जिल्ला लिग गर्न नभ्याउने स्थिति रहेको संघका अध्यक्ष लामाले जानकारी दिए । जिल्ला लिग फागुन दोस्रो सातादेखि गर्न सकिने लामा बताउँछन् । 'शहिद स्मृति गोल्डकपका लागि हामीलाई धेरै तयारी गर्नुपर्छ । अब करिब डेढ महिना समय बाँकी छ । यसबीचमा जिल्ला लिग गर्न सक्दिँन् । त्यसैले पहिला गोल्डकप गर्छौं, त्यसपछि मात्रै जिल्ला लिग गर्छौं ।,' लामाले भने ।

# शिक्षकको हकहितका लागि म लड्दै आएकी छु: डिना

साझाकुरा संवाददाता

हेटौंडा/नेपाली कांग्रेस केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय डिनाले शिक्षकको हकहितका लागि आफु विभिन्न कालखण्डमा लड्दै आएको बताएकी छन् ।

बिहीबार नेपाल शिक्षक संघद्वारा आयोजित स्वागत सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै सहमहामन्त्री डीनाले शिक्षकको हकहितका लागि आफूले संघर्ष गर्दै आएको र अझै संघर्ष गर्ने तयार रहेको दाबीसमेत गरिन् ।





उनले नेपाली कांग्रेसको अधिवेशन सम्पन्न गर्न सहयोग गरेकोमा शिक्षक संघलाई धन्यवाद समेत दिइन् । मकवानपुर जिल्लाले नेपाली कांग्रेसको प्रदेश अध्यक्ष, केन्द्रमा सहमहामन्त्री तथा प्रदेशमा मन्त्रीसमेत पाउनु गौरवको कुरा भएको भन्दै पार्टीको नीतिगत तहमा आफूले ठुलो संघर्ष गरेको र अब सहमहामन्त्री भएपछि अझ संघर्ष बाँकी रहेको बताइन् ।

पार्टीलाई अझ समावेशी बनाउन आफू लागिपर्ने भनाइ थियो । बागमती प्रदेशका भौतिक पूर्वाधार राज्यमन्त्री सन्तबहादुर प्रजाले शिक्षक संघले पार्टीलाई मार्गदर्शन गरिरहेको धारणा राखे । उनले कांग्रेसकै नीतिअनुसार शिक्षा नीति बनेको बताउँदै शिक्षाका क्षेत्रमा गर्नुपर्ने कामका बारेमा सुझाव दिन शिक्षक संघलाई आग्रह गरे ।

शिक्षक संघ मकवानपुरका अध्यक्ष रामकुमार अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा निवर्तमान अध्यक्ष रामसागर गुरागाइँ, प्रजातान्त्रिक कानुन व्यवसायी संघका अध्यक्ष केशव कुमार काफ्ले नेपाल शिक्षक महासंघ मकवानपुरका सचिव राजु गौतम लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# हेटौंडा जेसीजमा कंसाकारको नेतृत्व सर्वसम्मत

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा जेसीजको बर्ष २०२२ का लागि अध्यक्ष पवनकुरमा कंसाकारको नेतृत्व सर्वसम्मत चयन भएको छ ।

१० वर्षपछि हेटौंडा जेसीजमा सर्वसम्मत नेतृत्व चयन भएको हो । अध्यक्षमा उम्मेदवारी दर्ता गराएका अर्का प्रतिस्पर्धी श्रवणकुमार बर्तौलाले सहमतिमा कंसाकारलाई समर्थन गरेपछि उनी सर्वसम्मत अध्यक्ष चयन भएका हुन् ।

निर्वाचन आयुक्त राजदेव बनियाँले बिहीबार दिउँसो सर्वसम्मत अध्यक्ष, कार्यकारिणी उपाध्यक्ष र उपाध्यक्षहरु घोषणा गरेका छन् ।



यसअघि सन् २०१२ का लागि कृष्ण कटुवाल सर्वसम्मत अध्यक्ष चयन भएयता मतदान प्रक्रिया बाट मात्र अध्यक्ष चुनिएका थिए ।

२ जना कार्यकारिणी उपाध्यक्षमा शिवकुमार श्रेष्ठ र संग्राम बल लामा र चार जना उपाध्यक्षका लागि महेश्वर अधिकारी, श्याम कृष्ण दहाल, संदिप जंग कार्की र अमित आचार्य सर्वसम्मत निर्वाचित भएका छन् ।

# ६ वटा ट्याक्टर प्रहरीको नियन्त्रणमा

हेटौंडा/नियमविपरित नदीजन्य पदार्थ उत्खनन् गर्ने ६ वटा ट्याक्टरलाई बिहीबार प्रहरीले नियन्त्रणमा लिएको छ ।

बिहीबार दिउँसो जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको टोलीले राप्ती खोलामा नदीजन्य पदार्थ उत्खनन् गर्दै गरेको अवस्थामा ट्याक्टरलाई नियन्त्रणमा लिएको हो ।

प्रहरीका अनुसार ना ६ त ३७८३, ना ४ त ५७०७, ना ६ त २९१७, ना ६ त १०५१, ना ७ त ५९७२ र एउटा नम्बर उल्लेख नगरिएको ट्याक्टर नियन्त्रणमा लिएको प्रहरी उपरीक्षक सुरेन्द्रबहादुर गुरुङले जानकारी दिए ।

आवश्यक कारबाहीका लागि जिल्ला समन्वय समिति मकवानपुरको कार्यालय पठाइने उनले बताए ।

## थपिए ३ जना कोरोना संक्रमित

हेटौंडा/हेटौंडा उपमहानगरपालिका क्षेत्रमा बिहीबार ३ जना कोरोनाभाइरस (कोभिड-१९) संक्रमित थपिएका छन् ।

जिल्लामा पछिल्लो २४ घण्टामा १६ जनाको पीसीआर र एन्टिजेन परीक्षणमा उनीहरुमा कोरोना संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । यससँगै जिल्लामा कोरोना संक्रमण पुष्टि हुनेको कुल संख्या १५ हजार ५ सय ७० जना पुगेको छ ।

हार्दिक बधाई तथा शुभकामना



सामाजिक क्षेत्रमा क्रियाशील **जेसी पवनकुमार कंसाकार** ज्यू, जेसीआई हेटौंडाको वर्ष २०२२ का लागि गरिमामय अध्यक्ष पदमा निर्वाचित हुनु भएकोमा उहाँलगायत कार्यसमितिका सम्पूर्ण पदाधिकारीको सफल कार्यकालको कामना गर्दै हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

**श्रवणकुमार बर्तौला**
**(महासचिव वर्ष २०२१)**
**जेसीआई हेटौंडा**



साझाकुरा

## हाम्रो कुरा

# मेलमिलाप दिवसमै सीमित

नेपाली काँग्रेस र यसका भातृ संगठनहरुले वर्षेनि पुस १६ गतेलाई राष्ट्रिय एकता र मेलमिलाप दिवसको रुपमा मनाउने गरेका छन् । नेपाली काँग्रेसका संस्थापक नेता तथा नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री वीपी कोइरालाले २०३३ साल पुस १६ गते राष्ट्रिय मेलमिलाप नीति अघि सार्दै निर्वासित जीवन त्याग गरेर स्वदेश फर्किएको दिनको सम्झनामा दिवस मनाउने गरिएको हो । आफ्ना सम्मुख उपस्थित सबैखाले राजनीतिक एवम् व्यक्तिगत जोखिमलाई पर्वाह नगरी देशको अस्तित्व संकटमा परेको महसुस गरेर राष्ट्रिय एकता र मेलमिलापको प्रस्ताव राख्दै राजनीतिक सहयात्री गणेशमान सिंहसाथ दर्जनौं कार्यकर्तासहित वीपी भारत स्वनिर्वासनलाई परित्याग गर्दै स्वदेश फर्केका थिए ।

नेपालमा निरंकुश राणाशासन चलिरहेको समयमा भारतको बनारसमा जन्मिएका वीपी कोइरालाले प्रारम्भीक तथा उच्च शिक्षा भारतमै हासिल गरेका थिए । आफ्ना क्रान्तिकारी पिता तथा दाजुहरुको सङ्गतबाट क्रान्तिमा होमिएका वीपीको योगदान मुलुकको राजनीतिक परिवर्तनमा अहम् मानिन्छ । भारतमा अँग्रेज शासकविरुद्ध भएको स्वतन्त्रता सङ्ग्रामका साक्षी बनेका वीपीले राणाशासन विरुद्धमा चलेको नेपालको प्रजातान्त्रिक आन्दोलनको अगुवाई गरेका थिए । वीपी कोइराला राजनीतिक व्यक्तित्वमात्र थिएनन्, नेपाली साहित्यका एक प्रसिद्ध साहित्यकार पनि हुन् । विभिन्न कृतिहरु नेपाली साहित्यलाई प्रदान गरेका वीपीको राजनीतिकजस्तै साहित्यिक योगदान पनि उल्लेख्य छ । २००७ सालको प्रजातान्त्रिक आन्दोलनका अग्रज, २००८ सालमा गृहमन्त्री तथा २०१५ सालको आमनिर्वाचनबाट प्रथम जननिर्वाचित प्रधानमन्त्री बनेका वीपीलाई साहित्यकारभन्दा राजनीतिक व्यक्तिको रुपमा बढी सम्झने गरिन्छ । प्रधानमन्त्री भएको करिब एक वर्षमै तत्कालीन राजा महेन्द्रले सरकार भङ्ग गरी उनलाई सुन्दरीजल जेलमा राखेका थिए । झण्डै सात वर्ष जेल जीवन व्यतित गरेपछि उनलाई निर्वासित गरियो । त्यसपछि उनी निर्वासित जीवन बिताउन भारतको बनारस गए । २०३३ सालमा राष्ट्रियताको रक्षाको लागि राष्ट्रिय मेलमिलापको नीति लिएर स्वदेश फर्के । आफ्नो ज्यानको बाजी लगाएर तत्कालीन पञ्चायती शासकलाई चुनौती दिँदै स्वदेश फर्किएका वीपीले लिएको राष्ट्रिय मेलमिलापको नीति अहिले पनि उत्तिकै सान्दर्भिक देखिन्छ ।

अहिले दिशाहीन र निरीहजस्तो बनेको काँग्रेसले वीपीलाई श्रद्धापूर्वक स्मरण गर्दै राष्ट्रिय एकता र मेलमिलाप दिवसको अवसरमा भन्नैपर्छ, पछिल्लो कालखण्डमा काँग्रेसका नेताहरुको सत्तामोह र सिद्धान्तहीन निकटताले पार्टीको सैद्धान्तिक एवम् वैचारिक मौलिकता धुमिल भएको छ । लामो प्रजातान्त्रिक आन्दोलनबाट स्थापित एवम् आर्जित काँग्रेसको आफ्नै खालको गौरवशाली चरित्र काँग्रेसपनको साख समाप्त हुँदैछ । विचार र सिद्धान्तले वीपी र वर्तमान काँग्रेसको दूरी बढ्दैछ । वीपीले राखेको राष्ट्रिय एकता र मेलमिलापको नीतिलाई स्वयम् नेपाली काँग्रेसले इमानदारीपूर्वक आत्मसात गरेको छैन । थुप्रैपटक सत्तामा पुगेको काँग्रेस अहिले प्रमुख प्रतिपक्षी बने पनि राष्ट्रिय राजनीतिबाट ओझेल पर्दै गएको देखिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ पुस १७ गते शनिबार १ जनवरी २०२१ । पुस कृष्ण चतुर्दशी । थिंलागा त्रयोदशी ११४१ । सूर्योदय ६:५४ र सूर्यास्त ५:२० मा हुनेछ । सन २०२२ आरम्भ/राष्ट्रिय टोपी दिवस/राष्ट्रिय पोशाक दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : अध्ययनमा बाधा | **तुला** | : आफन्तजन भेट |
| **वृष** | : धन प्राप्ति | **वृश्चिक** | : भित्रजन भेट |
| **मिथुन** | : शत्रुबाट मुक्त | **धनु** | : प्रेममा सफलता |
| **कर्कट** | : धन नष्ट | **मकर** | : शुभ कार्यको थालनी |
| **सिंह** | : मिष्ठान्न भोजन | **कुम्भ** | : सुख प्राप्ति |
| **कन्या** | : आलश्यता | **मीन** | : यात्राको योग |

# शिक्षकहरुको अनपेक्षित राजिनामा बारे संक्षिप्त चर्चा

माध्यमिक शिक्षकमा स्थायी पोष्टिङ्ग भएको शिक्षक सो छोडेर निजामतीको खरिदार पदमा जाँदा त्यसको कारण विश्लेषण गर्ने प्रयत्न कुनै विज्ञबाट भएन ।



रमेशप्रसाद लामिछाने, हेटौंडा

१. एकै दिनमा ३० जना सम्म शिक्षकहरुले राजिनामा गरेको समाचार अहिले मिडियामा छरपष्ट भएको छ । जिम्मेवार व्यक्तिहरु भने राजनीतिक कारणले यो स्थिति आएको भन्दै थप खोतल्ने बाटो बन्द गर्ने कसरतमा ब्यस्त रहेको देखियो । राजनीतिक पार्टीहरुको स्थानीय तह देखि केन्द्रिय स्तर सम्मको अधिवेशन अनि विभिन्न पदहरुमा शिक्षकहरुको प्रतिनिधित्व संगै अदालतले गरेको आदेश संग जोडेर यो राजिनामाको लहर बढेको अनुमान गरिएको छ । यस आलेखमा उक्त अनुमानमा पटक्कै सत्यता नभएको भन्न खोजिएको भने होइन ।

अनेकौं शिक्षक कर्मचारीहरुले छदम नाममा राजनीतिक पार्टीहरुको कार्यकारी पदमै रहेर काम गर्दै आएको स्थिति जगजाहेर छ । नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेशको घोषणा पश्चात शिक्षण पेशामा संलग्न भै राजनीतिक पार्टीका जिम्मेवार पदमा रहि काम गरे बापत कसैले दण्ड सजाय पाएको सुनिएको छैन । यद्यपि ऐन नियममा भने कारबाहीका प्रसंग पंचायती कालदेखि नै पटक पटक सार्दै आउने परम्परा कायमै छ ।

२. प्रचलित शिक्षा ऐन नियमले शिक्षकहरुको अनिवार्य अवकाशको उमेर हद ६० वर्ष किटानि गरेको छ । सो हद नपुग्दै शिक्षकहरु किन जागिर छोडिरहेका छन् ? यसका कारण र भित्रि रहस्यहरु खोतल्ने प्रयत्न जरुरी छ वा छैन ? तर्क बितर्कको वकालतमा नलागि सम्भाव्य अवस्थाहरु अध्ययन गर्न जरुरी महसुस भने गरिएको छ । धेरैलाई जिज्ञासा हुन सक्छ । नेपालमा शिक्षण पेशा अनाकर्षक साबित भएकै हो त ? बेरोजगारीको पिडासंग जुधिरहेका नेपालीहरुमा शिक्षक बन्ने रहर ब्यापक हुनुपर्ने होईन र ? शिक्षक सेवा आयोगको परीक्षामा त बाक्लो भिड नै देखिन्छ । यो विरोधाभाष स्थिति बारे विभिन्न कोणबाट फरक फरक बिचारहरु बाहिर आएको पाईन्छ । शिक्षित जनशक्ति बिदेशिने लाम घटेको छैन बरु प्रतिदिन बढेको भनिएको छ । यो निरिहता र बाध्यता वा रहर बारे खोज भएको पाईंदैन ।

सरकारी तथा गैरसरकारी सेवामा शिक्षित जनशक्तिको आवेदन विवशता र निरिहता अनि बाध्यता भएको टिप्पणी पनि सुनिएको छ । पहुँच र पैसा नहुनेहरु जतिसुकै क्षमतावान भएता पनि सरकारी तथा अर्धसरकारी सेवामा अयोग्य साबित हुने स्थितिले दक्ष युवाहरुमा नैराश्यता उत्पन्न भएको तथ्यमा शंका छैन ।

३. पछिल्लो समयमा जागिर राजिनामा गर्ने शिक्षकहरु सबै पेन्सन होल्डर रहेका छन् । माध्यमिक शिक्षकमा स्थायी पोष्टिङ्ग भएको शिक्षक सो छोडेर निजामतीको खरिदार पदमा जाँदा त्यसको कारण विश्लेषण गर्ने प्रयत्न कुनै विज्ञबाट भएन । पेशागत निराशा र वितृष्णा गम्भिर समस्या भन्नै पर्दछ । यद्यपि तमाम शिक्षण पेशाकर्मी अत्यन्त योग्य, सक्षम र ईमान्दार मात्र छन् भन्ने जिकिर पटक्कै गर्न खोजिएको होईन ।

प्रत्येक सिक्काको दुई पाटा भने झैं शिक्षकहरु सबैलाई एउटै डोकोमा राखेर गोलमटोल मूल्यांकन गर्नु कदापि न्यायसंगत हुनै सक्दैन । कुनैबेला सबै शिक्षक कर्मचारीहरुको शैक्षिक योग्यताका प्रमाणपत्रहरुको शुद्धता परीक्षण वा छानबिन गरिने कुरा बाहिर आउँदा राजिनामा गर्ने शिक्षकहरुको संख्यामा अनपेक्षित बृद्धिको लहर आएको तथ्य स्मरणीय छ । यद्यपि शैक्षिक योग्यताका सबालमा न्यायाधिसहरु देखि प्रहरि सेना र कर्मचारीहरुमा बारम्वार ठूलै कम्पनका समाचारहरु मिडियामा आएका छन् । जागिर नै छोडेपछि सक्कलि नक्कलि छानबिनको प्रसंगै छोड्ने गरेको वास्तविकता हामी धेरैले देखेका छौं ।

४. केहि स्थानीय तहहरुले शिक्षकहरुको लागि गोल्डेन हयाण्डसेक कार्यक्रम बाहिर ल्याए पश्चात पेन्सन भैसकेका अवकाशको लागि दुईचार वर्ष मात्र बाँकि रहेका शिक्षकहरुले उक्त निर्धारण गरिएको अतिरिक्त रकम बुझ्दै जागिर छोड्दै गरेको समाचार अहिले चर्चामा छ । समयानुकुल शिक्षण विधि, शैली, प्रविधिको प्रयोगमा जान नसकेका र अशक्त तथा बृद्ध देखिएका शिक्षकहरुको बदलामा युवा जनशक्तिको प्रवेश गराउने उद्धेश्यले पालिकाहरुले स्वेच्छिक स्वर्णिम अवकाश योजना ल्याएको हुन सक्छ । यस कार्यक्रमका राम्रा नराम्रा पक्षहरु यहाँ केलाउन खोजिएको भने होईन ।

यद्यपि यो कार्यक्रमको आकर्षणले पनि शिक्षण पेशा छोड्न प्रोत्साहन गरेको तथ्यमा बिमति छैन । पेशागत बितृष्णा र कतिपय आफ्नै निजि कारणहरुले समेत शिक्षण पेशा छोड्न परेको भनाईहरु पनि सुनिएको छ । शिक्षण पेशाप्रति सरकारी र आम नागरिकको दृष्टिकोण सकारात्मक पाईदैन । अन्य मुलुकहरु भन्दा बिल्कुलै बिपरित ब्यवहार भएको कारणले नेपालमा शिक्षण पेशा हेय तथा निकम्मा र कतै अन्यत्र काम नपाएर यो पेशामा आएको जस्तो बुझाई सरकारी संयन्त्र सहित अधिकांश ब्यक्तिका ब्यवहारले साबित गरिरहेका छन् ।

५. शिक्षण पेशाकर्मीहरुमा शिक्षण पेशालाई सहायक वा दोश्रो पेशाको रुपमा बुझ्ने र सो बमोजिमको अनुशरण गर्नेहरुको संख्या पनि उल्लेख्य रहेको तथ्य भुल्न मिल्दैन । अन्य जागिरमा पाईलै पिच्छे यो वा त्यो नाममा भत्ता बुझ्ने र अनियमित रकम आर्जनको मौका हुने तर शिक्षण पेशामा तोकिएको तलब बाहेक अन्य अतिरिक्त सुविधा केहि नहुने भएकाले पनि उच्च नैतिकता रटेर निर्बाह कठिन भएकाले पेशागत बिरक्तिपन बढेको स्विकार गरिएको छ । सबैभन्दा बढि हेपाई र तिरष्कृत पेशागत पिडा नै शिक्षण पेशाकर्मीको आजको मूल वर्गिय समस्या हो ।

जागिर त हामीले आयोगबाट परीक्षा उत्तिर्ण गरेको उपलब्धि हो भने काम गरे बापत त अलगै भत्ता पाउनुपर्छ भन्ने दरिद्र मानसिकताले शिक्षण पेशामा पनि प्रवेश पाईसकेको छ । यो राष्ट्रकै अत्यन्त घातक र गम्भिर प्रवृत्ति बन्न सक्छ । आसन्न स्थानिय तहको निर्वाचनमा उम्मेदवार बन्ने ईच्छाको कारणले हाल कतिपय शिक्षकले राजिनामा दिएको भन्ने झिनो आवाज पनि बाहिर आएको छ । यद्यपि उम्मेदवार बन्ने शिक्षकले उम्मेदवारी दर्ता गरे पश्चात मात्र जागिर राजिनामा गरेको तथ्य बिगतका निर्वाचनले पुष्टि गरेको छ । अधिवेशनमा प्रतिनिधि भएको वा आगामी निर्वाचनमा उम्मेदवार बन्ने ईच्छाको मात्र कारणले शिक्षकले राजिनामा दिए भन्नु सरासर विषयवस्तुलाई कुल्चने प्रयत्न नै हो ।

६. मंसिर महिनामा अनिवार्य अवकाश हुने भन्दा बाहेक ३६८ जना शिक्षकले राजिनामा दिएको तथ्य बाहिर आएको छ । यो क्रम बढिरहेको भनिएको छ । यस पछाडिका कारणहरुमा तपसिलका प्रसंगहरु सतहमा देखिएका छन् ।

- **क.** पेशागत निराशा र वितृष्णा- विशेषगरी पेन्सन होल्डर शिक्षकहरुमा अधिक देखियो ।
- **ख.** २०४८ सालमा स्वत: स्थायी भएका शिक्षकहरु २०६७ सालमा स्वत: प्रमोशन भएकाको सेवा अवधि ३० वर्ष भै पेन्सन नै तलबको करिब ६५ प्रतिशत हुने र हालको अवस्थामा ३५ प्रतिशत तलबमा काम गर्नु भन्दा जागिर छोडेर बिकल्प रोज्दा उपयुक्त हुने भावनाको विकास भएकाले ।
- **ग.** कतिपय स्थानियतहले स्वेच्छिक स्वर्णिम अवकाश योजना मार्फत पुराना बुढा शिक्षकहरुलाई बिदाई गर्ने कार्यक्रम कार्यान्वयनमै ल्याईसकेकाले ।
- **घ.** बैदेशिक रोजगारको भिजा ढिलो भएर र अन्य बैकल्पिक पेशाको सुनिश्चितता लागि पर्खिरहेका युवा शिक्षकहरुले ती अवसर पाएको अवस्थामा शिक्षण पेशाबाट बाहिरिदा उपयुक्त महसुस गरेकाले । शिक्षण पेशा वेटिङ्ग स्टेशन वा पार्क जस्तो बस वा ट्रेन आउने बित्तिकै छोडिहाल्ने स्थिति पनि एक कारण बनेको छ ।
- **ङ.** बिगत दुई वर्ष देखि कोभिड-१९ का कारणले अनलाईन शिक्षण विधि प्रयोग गर्ने वा प्रविधियुक्त शिक्षण गर्नैपर्ने बाध्यात्मक स्थितिको सन्दर्भमा अबको शिक्षा प्रविधिबाट अलग हुनै नसक्ने र परम्परागत बिधिमा रुपान्तरणको अवस्था संगै राष्ट्रिय अन्तर्राष्ट्रिय आधुनिक शैक्षिक प्रणालीको मार्गमा जटिलता बेहोर्नु भन्दा जागिर छोडेर मार्ग प्रशस्त गर्नु नै हितकर देखिएकाले ।
- च. दरबन्दि मिलानको सन्दर्भ संग पनि जोडेर मिलानको क्रममा अपायक र पिडा दिने नियतले गरिने सरुवा पनि राजिनामाको कारण बन्नसक्छ भन्ने टिप्पणीमा केहि न केहि सत्यता हुन सक्छ ।

अन्तमा, उल्लेखित कारणहरु मात्र शिक्षकले राजिनामा गर्ने किटानी अवस्था हो भन्नु अगावै अरु पेशागत रुची जाँगर र काम प्रतिको उत्साह महत्वपूर्ण सबाल हो । बिधि कानूनले गरेको ब्यवस्था बमोजिम हद अवधि सम्म पेशामा रमाउँदै सन्तोषजनक बिदाईको अपेक्षा आम शिक्षकहरुको चाहना हो । मर्यादित र सम्मानजनक पेशागत ब्यवहार र दृष्टिकोण सबै पेशाको मूलमर्म हो । यद्यपि प्रत्येक पेशाका विकृत र भ्रष्ट पक्षहरुको समूल अन्त्य हामी सबैको अपेक्षा रहेको छ ।

# नेपाली विज्ञापन व्यवसाय र चुनौती



अर्जुनमोहन भट्टराई

नेपालमा विज्ञापन व्यवसायको सुरुवात छापा माध्यमसँगै भए तापनि २०४६ सालपछि व्यावसायिक रूपमा सञ्चारगृहहरूको आगमनसँगै अगाडि आएको देखिन्छ । तथापि, यो व्यवसायलाई पूर्ण व्यावसायिक बनाउन विभिन्न कालखण्डमा प्रयासहरू नभएका होइनन् । यसैमध्येको एक प्रयास हो– सरकारले ल्याएको विज्ञापन बोर्डको अवधारणा । नेपालमा रहेका यावत् व्यवसायहरूमा आ-आफ्नै खालका समस्या तथा चुनौतीहरू छन् । चुनौतीबिनाको व्यवसाय सायदै परिकल्पना गर्न सकिन्छ । नेपाली विज्ञापन व्यवसाय प्रत्यक्ष रूपमा सञ्चारगृहसँग जोडिएको छ, यस मानेमा सञ्चारगृहको सुधारसँगै विज्ञापन व्यवसायको पनि सुधार अगाडि बढ्छ । सञ्चार गृहको सञ्चालनमा आबद्ध पक्षहरू, विज्ञापनमा आबद्ध पक्षहरू र विज्ञापनदाताहरूका विज्ञापन गर्ने प्रक्रियाहरू अलग-अलग भएरै होला, यी तीन पक्षहरूलाई एकै स्थानमा उभ्याउन यसका समस्या पहिचानका लागि विज्ञापन बोर्डको परिकल्पना भएको हुनुपर्छ ।

एक पक्षबाट अर्को पक्षलाई तेजोबध गर्ने नेपाली मानसिकता यो क्षेत्रमा पनि व्याप्त छ । यसबाट नेपाली विज्ञापन व्यवसाय पीडित छ । सबै पक्षहरूमा 'म मात्र राम्रो' भन्ने प्रवृत्तिले विज्ञापन व्यवसाय आफैंमा खुम्चिएको छ । विज्ञापन खुम्चिँदा एकातर्फ उपभोक्ताको वस्तु वा सामान सेवाको सूचना समयमै जानकारी पाउने अधिकारबाट उपभोक्ताहरू वञ्चित भइरहेका छन् भने अर्कातर्फ वस्तु र सेवाको बिक्री प्रवर्द्धनबाट हुने आर्थिक चक्र चलायमान, जीवनस्तरमा सुधार, उत्पादनमा वृद्धि, बजार विस्तार तथा रोजगारीको वृद्धिजस्ता आर्थिक पक्षहरू खुम्चिएको छ ।

विज्ञापन व्यवसायसँग प्रत्यक्ष जोडिएको सञ्चार उद्योगको समग्र विकास नै विज्ञापनको विकास हो भन्ने शाश्वत भनाइलाई सबैले मनन गर्नु जरुरी छ । तथापि सञ्चारगृहलाई उचित र सकारात्मक व्यावसायिक वातावरण आवश्यक छ, जसमा राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक, प्राविधिक पक्षहरू पर्छन् । नेपालको परिप्रेक्ष्यमा अस्थिर राजनीतिक अवस्था, गैरजिम्मेवार राजनीतिक दलहरू, प्रजातन्त्र संस्थागत नभइसकेको अवस्था, बारम्बार सरकार हेरफेर प्रमुख छन् । अझ अहिले त कोरोना कहरले गर्दा झनै समस्यामा छन् । विज्ञापन व्यवसायमा व्यावसायिक वातावरणको भूमिका गहन छ । कमजोर राजनीतिमा अर्थतन्त्रले गति लिँदैन, किनकि दीर्घकालीन निर्माण, आयोजना, पूर्वाधारहरू बन्नका लागि स्थिर सरकार, दीर्घकालीन सोच, राजनीतिक सुझबुझ हुनुपर्छ । नेपालमा भएका सरकारहरू प्राय: दैनिक कार्यसञ्चालनमा मात्र केन्द्रित रहेको देखिन्छ । साथै, अति न्यून प्रतिव्यक्ति आय, बढ्दो व्यापार घाटा, उपभोक्ताको क्रयशक्ति ह्रास, मूल्यवृद्धि, आयातमुखी अर्थतन्त्र, पुँजीगत खर्च न्यून रहेका छन्, साथै राज्यका जनताको आय अधिकांश रकम परिवारको स्वास्थ्य र शिक्षामा खन्याउनुपर्ने बाध्यता छ । अर्कातर्फ देशमा उद्योग-व्यवसाय छैनन्, छ भने केवल आयातित सामानहरूको बजार छ । जसमा विज्ञापन खासै हुँदैन ।

विदेशी वस्तु या सेवाप्रतिको आकर्षण नागरिकको दिनचर्या बनेको छ । विलासिताका वस्तुको प्रयोग साथै गाडी, कम्प्युटर, विद्युतीय उपकरणको आयात बढी छ, जुन उत्पादनहरू विदेशमा नै बन्छन् । कम खपत हुने भएकाले विदेशी कम्पनीहरूले बजार वृद्धिका लागि नेपालमा व्यवसाय प्रवर्द्धनमा खासै चासो दिँदैनन् । केही बहुराष्ट्रिय कम्पनीहरूले नजानिदो रूपमा न्युन बजार प्रवर्द्धन गर्छन्, जसमा परम्परागतभन्दा पनि नयाँ सञ्चारमाध्यमहरू छनोटमा छन्, जसमा मूल्यको प्रभाव बढी छ । नेपाली विज्ञापन बजारमा यावत् समस्या छन्, जसमा राजनीतिक, आर्थिक प्रमुख हुन् । नेपाली विज्ञापन बजारमा सरकारी विज्ञापनको हिस्सा उल्लेखनीय छ, जुन पुँजीगत खर्च नभएको परिप्रेक्ष्यमा र विज्ञापन बोर्ड बनेपछि सिर्जित अन्योलको स्थितिका कारणले घट्दो क्रममा छ । अन्य समस्याहरूमा एजेन्सी-एजेन्सीबीच अस्वस्थ प्रतिस्पर्धा, मिडिया-मिडियाबीच अस्वस्थ प्रतिस्पर्धा, सरकारी विज्ञापन प्रकाशन र प्रसारण गर्दा एजेन्सीले सरकारी कर्मचारीलाई दिनुपर्ने कमिसन रहेका छन् । निजी क्षेत्रले विज्ञापन प्रकाशन तथा प्रसारण गर्दा, उद्योग-व्यवसायमा वस्तु र सेवाको विज्ञापन गर्दा बजार तथा वस्तु सेवाको बिक्री बढ्ने भएकाले विज्ञापन खर्च नभई लगानी हो भन्ने सोच उद्योगी-व्यवसायीमा नभएकाले पनि विज्ञापन बजार नबढिरहेको अवस्था छ । आम जनमानसमा विज्ञापनप्रति अज्ञानता छ ।

उपभोक्ताहरूले वस्तु र सेवाको जानकारी दिनका लागि सीधै विक्रेता या उत्पादक आफूले उत्पादन गरेका वस्तु या सेवाको प्रचार गर्न, जानकारी, सूचना दिन हरेक उपभोक्ताको घरदैलोमा पुग्न सम्भव नभएकाले यो जानकारी, सूचना र सन्देशहरू पत्रपत्रिका, रेडियो, टेलिभिजनमार्फत पठाउँछन् । यो जानकारी सन्देश, सूचना पठाउने क्रममा विभिन्न सञ्चारमाध्यमहरूबाट प्रकाशित तथा प्रसारित हुने लोकप्रिय कार्यक्रम, समाचार, मनोरञ्जनजस्ता सामग्रीहरूको बीचबीचमा विज्ञापनहरू राखेर पठाउने चलन छ । यसो गर्दा पाठक, दर्शकहरूले पत्रपत्रिका, रेडियो, टेलिभिजनहरू हेर्दा, पढ्दा या सुन्दा विज्ञापनहरूका बारेमा पनि थाहा पाउँछन् । यसबाट वस्तु या सेवाको बिक्री बिस्तारै बढ्छ । तसर्थ विज्ञापनदातालाई मात्र होइन, उपभोक्ताहरूका लागि पनि विज्ञापन आवश्यक कुरा हो । यस मानेमा विज्ञापनप्रति पाठक, दर्शक, उपभोक्ताहरू सकारात्मक हुनुपर्छ ।

विज्ञापन व्यवसायका बारेमा तीन पक्षका आआफ्नै तर्कहरू छन्, ती तर्कहरू आआफ्ना स्थानबाट ठीक होलान् तथापि समग्र विकासको लागि सहकार्य जरुरी छ । यो मननीय पक्ष हो । प्रजातन्त्र र उदारवादको उदयसँगै २०४६ यता वर्षे भलबाढीको रूपमा आएका सञ्चारमाध्यमहरू जुन विज्ञापनदाताको टाउको दुखाइ हो, जसमा सञ्चारगृहले विज्ञापनदातासँग गर्ने बार्गेनिङ पर्छ । सञ्चारगृहको राजनीतिक झुकाव र पक्षपोषणले समाचारको सत्य, तथ्य, वस्तुनिष्ठता लोप भइरहेको छ र कुन छापा, रेडियो, टेलिभिजनको सामग्री सत्य हो, बुझ्न पाठक, दर्शक र श्रोतालाई कठिन अवस्था छ । यस्तो अवस्थामा सञ्चारगृहहरूको टीआरपी घट्नु अन्यथा होइन । तर, विज्ञापन व्यवसायलाई सहजै असर पार्ने विषय हो । मुलुकमा उत्पादन क्षेत्र नहुँदा विज्ञापनमा असर छ । तर, उपभोग बढ्दो क्रममा छ । कोरोनालाई अपवादमा लिने हो भने नेपाली जनताको खर्च गर्ने शैली अद्भुत छ, जसको केही अंश विज्ञापनमा पनि आउनुपर्ने थियो, तर आएन । हरेक व्यवसायमा नवप्रवेशीलाई कुनै न कुनै लगाम, नियमन, संकुचन रहेको छ । तर, मिडिया अर्थात् सञ्चार क्षेत्रमा यो प्रावधान छैन यो विषय उठान गर्दा संविधानप्रदत्त वाक् तथा प्रेस स्वतन्त्रताको कुरा उठ्ला, तर नागरिक, जनसंख्या, साक्षरता, पाठक, दर्शक, श्रोताको आधारमा सञ्चारगृह भएमा व्यवस्थापन गर्न सकिन्छ, साथै विकृति पनि कम गर्न सकिन्छ ।

विज्ञापन तथा प्रर्वद्धनात्मक सामग्रीहरू त्यसको सिर्जनशीलताका लागि विज्ञापनदाताहरू मूल्य तिर्न तयार हुनुपर्छ । साथै, विज्ञापन व्यवसायीहरू पनि बढी व्यावसायिक हुन जरुरी छ । साथै परम्परागत सञ्चार गृहहरूलाई नयाँ मिडियाको चुनौती पनि छ । विज्ञापन व्यवसायीहरूलाई नयाँ प्रविधिमा जान थप लगानीको जरुरत छ । त्यसका लागि यो व्यवसायमा दीर्घकालसम्म रहने वा नरहने यकिन गर्नुपर्छ । मूलत: उद्योगी-व्यवसायीहरू 'विज्ञापन लगानी हो खर्च होइन' भन्ने विषयमा सहमत हुनुपर्‍यो । साथै, सरकारले सरकारी स्वामित्वमा रहेका उद्योग, व्यवसाय र प्रतिष्ठानको विज्ञापन गर्ने वातावरण बनाउनुपर्‍यो ।

अधिकारकर्मीहरूबाट विज्ञापनप्रति गरिने अनावश्यक लाञ्छना र आरोपलाई निरपेक्ष भएर सोच्नु जरुरी छ । नेपाली वस्तुहरूको पनि स्वदेशभित्र विज्ञापन गर्न सरकारद्वारा नीति ल्याउन जरुरी छ, किनकि विज्ञापनकै माध्यमद्वारा जनताको उपभोग शैलीमा प्रवर्द्धन गर्न सकिन्छ । साथै, सरकारद्वारा विज्ञापनमा रोक लगाइएका क्षेत्रहरू खुला गरिनुपर्छ । राजस्व बढ्छ, रोजगारी पनि बढ्छ । विज्ञापन बजारीकरण, प्रवर्द्धनजस्ता विषयहरूले अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्छन् । विज्ञापनको मूल्य, सञ्चारमाध्यमको मूल्य, कारोबारको स्वरूप, नगद, उधारो, छुट, बोनस, कमिसन, अस्वस्थ प्रतिस्पर्धा, पाठक-दर्शक-श्रोताको संख्याजस्ता विषयहरू पनि विज्ञापन व्यवसायभित्र रहेका तत्त्वहरू हुन् । - *साभार: कारोबारडेली*

# "क्लेशा" भारत रंग महोत्सवमा छनोट



काठमाडौं- नेपाली नाटक 'क्लेशा' भारतीय नेसनल स्कुल अफ ड्रामा (एनएफडी)को भारत रंग महोत्सवमा छनोट भएको छ । विजया कार्कीले निर्देशन गरेको उक्त नाटक महोत्सवका लागि छनोट भएको हो ।

कार्कीले पहिलो निर्देशनले नै सफलता प्राप्त गरेको हो । यद्यपि, यसअघि पनि गुरुकुल, एक्टर स्टुडियो, वान वर्ल्ड थिएटर, सुशीला आर्ट एकेडेमी, मण्डलालगायतले तयार पारेका नाटक भारत रंग महोत्सवमा छनोट भइसकेका छन् । तर, डेब्यु निर्देशन नै एसियाकै ठूलो यो नाटक महोत्सवमा नेपालबाट छनोट भएको पहिलोपटक हो ।

नेपाली महिला लेखिकाले लेखेको पहिलो नाटक नै छनोट भएको पनि यो पहिलोपटक भएको निर्देशक कार्कीले बताइन् । क्लेशा प्रतीक्षा कट्टेलले लेखेकी हुन् । यो नाटक दुई महिलाले सुरु गरेको कर्मन कला समूहको पहिलो प्रस्तुति हो । 'दुई महिलाको पहिलो प्रस्तुति नै सफल हुँदा काम गरे सकिन्छ भन्ने उत्साह मिलेको छ,' उनले भनिन्, 'पहिलो काम नै यसरी छनोट हुन्छ भन्ने हामीलाई अपेक्षा नै थिएन । तर, भयो । यो हाम्रा लागि हौसलाको ठूलो स्रोत बन्यो ।' कर्मन कला विजया र प्रतीक्षाले स्थापना गरेको संस्था हो । यसले आर्ट फर्मका धेरै विधामा काम गर्ने उनले बताइन् ।

सन् २००० बाट सुरु भएको यो महोत्सवमा सुरुमा राष्ट्रिय (भारतका नाटक मात्रै छनोट हुने) भए पनि पछि अन्तर्राष्ट्रिय महोत्सवमा परिणत गरिएको हो । यो वर्ष भारतका विभिन्न राज्यसँगै १० देशका नाटक छनोट भएका छन् । महोत्सवमा सहभागी हुन नाटकको पूरै युनिट मुम्बई जाने तयारीमा छ । क्लेशा आउँदो फेब्रुअरी ७ मा दिल्ली र ९ तारिखमा ओडिसामा मञ्चन हुनेछ । एनएफडी भारतसहित नेपालका थुप्रै स्थापित कलाकार उत्पादन गरेको संस्था हो । सुनील पोखरेल, अनुप बराल, विमल सुवेदी एनएफडी पढेर आएका रंगकर्मी हुन् । आधा दर्जनभन्दा धेरै चलचित्रमा काम गरिसकेकी सुरक्षा पन्त यो नाटकको मुख्य पात्र हुन् । 'हाम्रो टिमका लागि यो खुसीको खबर हो ।

यसले हामीलाई थप ऊर्जा र हौसला प्रदान गरेको छ । नाटकमा थप काम गर्न उत्साह भरेको छ,' अभिनेत्री सुरक्षाले भनिन् । राजनीतिक शक्ति तथा सामाजिक पद र प्रतिष्ठाले व्यक्ति कसरी अन्धो हुन्छ र त्यसले व्यक्ति, परिवार र समाजमा कुन तहसम्मको असर पार्छ भन्ने प्रश्नको जवाफ यो नाटकले दिने प्रयास गरेको छ । ४० वर्ष अगाडि पञ्चायत कालको कथालाई टिपेर निर्माण गरिएको क्लेशाले त्यो बेलाको कथासँगै अहिलेको राजनीतिक र सामाजिक अवस्थालाई पनि देखाएको छ । रामायणलाई मुख्य स्रोत बनाएर ऋषि वाल्मीकिको कहानीलाई समसामयिक विषयमा जोडेर तयार पारिएको नाटक क्लेशामा धार्मिक धागोले नबेरी रामायणको कथालाई पुनरपरिभाषित गर्ने प्रयास गरेको छ ।

तत्कालीन ग्रामीण परिवेश, पात्र र भोगाइसँगै पात्रमा रहेको अज्ञानता, अहंकार, मोह, विच्छेद र डरलाई नाटकमा उतारिएको छ । क्लेशामा सुरक्षा पन्त, कुशल पाण्डे, रुजु शमा, प्रतीक मरहट्टा, सिर्जना अधिकारी, सविना थापा, राज खड्का, स्वपनिल घिमिरे, सुदीप खतिवडा, तुफान थापा, अमृत काउचा, जीवनाथ पौडेल र सविन भट्टराईको अभिनय छ । *- बाह्रखरी*

# राष्ट्रिय एकता तथा मेलमिलाप दिवसको सान्दर्भिकता

काठमाडौं (रासस)/ आज पुस १६ गते राष्ट्रिय मेलमिलाप दिवस । नेपाली कांग्रेसका संस्थापक एवं नेपाली कांग्रेसको सिद्धान्त प्रजातान्त्रिक समाजवादका प्रतिपादक बिपी कोइराला सहितका नेताहरू आठ वर्ष निर्वासित जीवन बिताएर २०३३ पुस १६ गते स्वदेश फर्केको दिनको सम्झनामा कांग्रेसले हरेक वर्ष पुस १६ गते राष्ट्रिय एकता तथा मेलमिलाप दिवस मनाउँदै आएको छ । यसलाई औपचारिकतामा सीमित नगरी यसको मर्म र भावनालाई आत्मसात् गर्नसक्ने हो भने दिवसले सधैँभरि राष्ट्रिय एकता र आपसी मेलमिलापको महत्वपूर्ण सन्देश दिएको छ ।

मेलमिलाप दिवस पञ्चायती निरंकुशतामा आठ वर्षको भारत निर्वासित जीवन त्याग गरी कांग्रेसका संस्थापक जननायक बिपी कोइरालासहित लौहपुरुष गणेशमान सिंह, नेत्री शैलजा आचार्य, खुमबहादुर खड्कालगायतका दर्जनौं नेता राष्ट्रिय एकता र मेलमिलापको सन्देशसहित नेपाल फर्केको थियो । मुलुकको सार्वभौमसत्ता रक्षा गर्न जनताकै बीचमा रहनुपर्दछ भन्ने सोचका साथ उनीहरु भारतको निर्वासित जीवन त्यागेर स्वदेश फर्केको थियो ।

प्रजातन्त्रसँग कुनै सम्झौता हुन सक्दैन तर राष्ट्रियताका सवालमा मेरो घाँटी राजासँग जोडिएको छ भन्ने बिपीको प्रष्ट भनाइले तत्कालीन अवस्थामा मुलुकको राष्ट्रियता कति संकटमा थियो भन्ने प्रष्ट हुन्छ । राष्ट्रियताका सन्दर्भमा स्वदेश फर्केपछि राजासँगको भेटमा बिपीले भनेका थिए, "यो मुलुक रहेन भने म विराटनगरमा खेती गरेर बसौँला तर तपाईं कहाँको राजा बन्नुहुन्छ ?" नभन्दै त्यतिबेला दक्षिण एशियाकै राजनीतिमा निकै उतारचढाव थियो । त्यस राजनीतिक संक्रमणबाट नेपाललाई बचाउन आफूमाथिको मृत्युदण्डको मुद्दालाई बेवास्ता गर्दै उनले मुलुकको सार्वभौमसत्ता रक्षाका लागि जनशक्ति (राजनीतिक दल) र राजशक्ति (राजा) मिल्नुपर्ने धारणा राखेका थिए ।

विसं २०१७ पुस १ गते तत्कालीन राजा महेन्द्रले जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाको सरकार बर्खास्त गर्दै बहुदलीय प्रजातान्त्रिक व्यवस्था विघटन गरी राजनीतिक दलमाथि प्रतिबन्ध मात्र लगाएनन नेतामाथि देशद्रोहको मुद्दासमेत लगाए । निर्दलीय पञ्चायती व्यवस्था सुरु गरेपछि कोइराला सहितका नेतालाई करिब आठ वर्ष जेलमा हालिएको थियो ।

राष्ट्रिय/अन्तर्राष्ट्रिय दबाबका कारण २०२५ कात्तिक १४ गते बिपी कोइरालालगायतका नेता जेलमुक्त भयो र त्यसपछि उनीहरू भारतमा निर्वासनमा गए । त्यसपछि कांग्रेसले सशस्त्र विद्रोहको नीति अपनायो तर त्यो विद्रोह खासै उपलब्धिमूलक हुन सकेन, बरु पार्टीका केही नेताहरूको ज्यान गयो ।

यसबीचमा देशका विभिन्न स्थानमा भएका घटनामा संलग्नता रहेको भन्दै तत्कालीन राज्यसत्ताबाट बिपी सहितका नेताहरूलाई फाँसीको सजाय हुन सक्नेसम्मका विभिन्न आठ मुद्दा लगाइएको थियो । मुलुकको विषम परिस्थितिलाई बुझेर नै बिपीले आफ्नो ज्यानभन्दा देश ठूलो हो भन्ने महसुस गरी राष्ट्र बचाउन र मुलुकमा प्रजातन्त्रको पुन:स्थापना गर्न २०३३ सालमा मेलमिलापको नीति घोषणा गर्दै नेपाल फर्कनुभएको थियो । बिपीले मेलमिलापको नीति अवलम्बन गर्ने क्रममा भनेका थिए, "आजसम्म हामीले प्रजातन्त्रको लडाईं गरिरहेका थियौँ ।"

बिपीको त्यो ऐतिहासिक निर्णय र तत्कालीन राष्ट्रिय आवश्यकतालाई नबुझी राजासँग बिपीको सहकार्यको प्रस्तावलाई लत्याउँदै उनीहरूलाई पक्रेर सुन्दरीजलस्थित बन्दीगृहमा राखियो । बिपीले सोही जेलबाट ती मुद्दाको पुर्पक्ष गरेका थिए । बिपीले ती मुद्दामा सर्वोच्च अदालतमा बयान दिँदा पनि भनेको थियो, "कानुनको साँघुरो किल्लामा न्यायको हत्या नहोस् ।"

बिपीको राष्ट्रियताप्रतिको संवेदनशीलता र प्रजातन्त्रप्रतिको प्रतिबद्धतालाई तत्कालीन राज्यसत्ताले बुझ्न नसक्दा नै २०३६ सालमा विद्यार्थी आन्दोलन हुन पुग्यो र अन्तत: तत्कालीन राजा वीरेन्द्रले जनमत संग्रहको घोषणा गर्न बाध्य हुनुपर्‍यो । जनमत संग्रहमा बहुदलीय पक्षलाई पराजित गराइए पनि प्रजातान्त्रिक आन्दोलनले फस्टाउने मौका पायो र २०४२ सालमा सत्याग्रह हुँदै २०४६ सालमा जनआन्दोलन भई बहुदलीय प्रजातन्त्रको पुन:स्थापना भएको हो ।

यसरी प्रजातन्त्रको स्थापना र संरक्षणमा आजीवन संघर्ष गरेका बिपी कोइरालाको मेलमिलापको नीति अहिलेको सन्दर्भमा पनि उत्तिकै सान्दर्भिक रहेको देखिन्छ । बिपीको स्वदेश फिर्ताको निर्णयले तत्कालीन पञ्चायतलाई भित्रबाटै कमजोर बनाउन सहयोग पुगेको थियो । अन्य देशमा बसेर हतियारको राजनीति गर्नु गलत रहेछ तथा राष्ट्र र जनतालाई एकीकृत गर्न देशभित्रै रहेर संघर्ष गर्नुपर्छ भन्ने बिपीको सोचले राजा र जनताबीचको शक्ति सन्तुलनलाई पनि जोड दिएको वरिष्ठ पत्रकार पुरुषोत्तम दाहाल बताउँछन् ।

अहिले पनि सत्तामा रहने र नरहने शक्ति, राजनीतिक पार्टीभित्रै तथा पार्टीबीच अन्तरकलह र अन्तर विरोध रहेकाले त्यसको व्यवस्थापनका लागि पनि उतिबेला बिपीले अघि सारेको मेलमिलापको नीतिको सान्दर्भिकता रहेको उनको तर्क छ । राष्ट्रियता, प्रजातन्त्र र आर्थिक समृद्धि 'राष्ट्रिय एकता तथा मेलमिलाप'बाट मात्रै सुनिश्चित हुने भन्दै ४५ वर्षअघि अवलम्बन गरिएको नीतिलाई देशका सम्पूर्ण राजनीतिक शक्तिले आत्मसात् गर्नुपर्नेमा राजनीतिक विश्लेषक पुरुषोत्तम बस्नेत जोड दिनुहुन्छ ।

राजनीतिक, आर्थिक लगायत अन्य कुनै पनि संकटले राष्ट्रियता माथि नै चुनौती दिने हुँदा सम्पूर्ण राष्ट्रवादी शक्तिबीच एकता हुनुपर्ने उनको भनाइ छ । सबै राजनीतिक दलको साझा सहमतिमा लेखिएको वर्तमान संविधानले समाजवादको भूमिकालाई पनि स्वीकार गरेको उल्लेख गर्दै उनले यसको पूर्ण कार्यान्वयनका लागि पनि सबै राजनीतिक शक्तिबीच एक मत बन्न नसकेमा पुन:त्यो उपलब्धि गुम्नसक्ने खतरा रहेको बताउँछन् । बिपीले राष्ट्रियताको कुरा गर्दा दक्षिण एसियाको सामरिक सन्तुलन र नेपालको जटिल भूराजनीतिलाई केन्द्रमा राखेको देसखिन्छ । भारत-पाकिस्तान युद्धपछि पूर्वी पाकिस्तान टुक्रिएर बंगलादेश बनेको र सिक्किमलाई विलय गराएर भारतको प्रान्त बनाइएको भूराजनीतिक तथ्यलाई बिर्सेर बिपीको राष्ट्रिय मेलमिलाप नीतिलाई हेर्न नसकिने त्रिभुवन विश्वविद्यालयअन्तर्गत नेपाल तथा एसियाली अनुसन्धान केन्द्र (सिनास) का कार्यकारी निर्देशक डा मृगेन्द्रबहादुर कार्की बताउँछन् ।

संविधानको सफल कार्यान्वयन, देशको विकास, सुदृढ अर्थतन्त्रको निर्माण, जनताको जीवनमा सकारात्मक परिवर्तन आजको राजनीतिको मूल कार्यभार भएकाले यसलाई पूरा गर्न राष्ट्रियरूपमा र अन्तरपार्टीमा रहेका विवाद तथा मतभेदलाई अन्त्य गर्न जरूरी रहेको उनको भनाइ छ ।

हालै सम्पन्न पार्टीको १४ औं महाधिवेशनले पार्टीलाई अझ गतिशील र रुपान्तरण गरेकाले देशव्यापीरुपमा नेता, कार्यकर्तादेखि आम जनतामा नयाँ उत्साहको सञ्चार भएको बताउँदै नेपाली कांग्रेसका केन्द्रीस्य सदस्य नैनसिंह महरले बिपीको मेलमिलापको नीतिलाई गाउँगाउँसम्म पुऱ्याउन सकिएमा कार्यकर्ताका बीच आपसी सद्भाव वृद्धि भई आगामी स्थानीयदेखि केन्द्रीय तहसम्मका निर्वाचनमा पार्टीलाई पहिलो स्थानमा लैजान मद्दत पुग्ने बताउँछन् ।

# प्रशिक्षक दशानायके भन्छन् : कप्तान परिवर्तन हुँदैन



काठमाडौं/ मुख्य प्रशिक्षक पुबुदु दशनायकेले नेपाली राष्ट्रिय क्रिकेट टिमको कप्तान परिवर्तन नहुने बताएका छन् ।

मुख्य प्रशिक्षकको रुपमा कार्यभार सम्हालेपछि पहिलो पटक बिहीबार आयोजित पत्रकार सम्मेलनमा उनले कप्तान परिवर्तनको अधिकार नेपाल क्रिकेट संघ (क्यान) लाई हुने बताए ।

क्यानले हालै मात्र ग्रेडिङमा असन्तुष्टि जनाएको भन्दै ज्ञानेन्द्र मल्ललाई कप्तानबाट हटाएर सन्दीप लामिछानेलाई जिम्मेवारी दिएको छ । खेलाडीहरू भने निर्णय पुर्नविचार गर्न माग गर्दै आएका छन् ।

क्यानका क्रिकेट म्यानेजर विनोद दासका अनुसार बन्द प्रशिक्षणका लागि ३० खेलाडी बोलाउने तयारी छ । उनले भने, 'आजबाट खेलाडीले रिपोर्टिङ गर्छन्, दुईतीन दिनपछि क्याम्प सुरु हुन्छ ।' मुख्य प्रशिक्षक दशानायकेले आफू दोस्रो पटक नेपाल आउन पाउँदा खुशी लागेको बताए । 'यसअघिको मेमोरी राम्रो रह्यो । २०११ मा आउँदा नेपाल डिभिजन ४ मा थियो । छुट्टै चुनौती थियो ।

अहिले आउँदा नेपाल टी-२० र ओडीआई कन्ट्री भएको छ । खेलाडीको विकास भएको छ । बाहिर गएर खेलाडीसके । अहिलेको चुनौती फरक छ' उनले भने ।

नेपाली युवा खेलाडीमा प्रतिभा रहेको भन्दै मुख्य प्रशिक्षक दशानायकेले अरु एसोसिएट देशमा यस्तो नदेखिएको टिप्पणी गरे । 'नेपालमा खेलाडी उत्पादन गर्ने आफ्नै पाइपलाइन छ' उनी भन्छन् । *- अनलाईनखबर*

# चिसोबाट सतर्कता अपनाउन अनुरोध



काठमाडौं (रासस)/ हाल देशमा पश्चिमी न्यूनचापीय प्रणाली र भारतको विहार आसपासमा रहेको न्यूनचापीय क्षेत्रको प्रभाव रहेको छ । उक्त प्रणालीका कारण अहिले देशभर सामान्यदेखि पूर्ण बदली रही थोरै स्थानमा हल्का वर्षा र उच्च हिमाली तथा पहाडी भेगमा हल्का हिमपात भइरहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाले आगामी २४ घण्टाका लागि चेतावती तथा परामर्श जारी गर्दै देशभर आंशिकदेखि सामान्य बदली रही पहाडी भूभागको थोरै स्थानमा हल्का वर्षा र उच्च पहाडी तथा हिमाली भेगमा हलदेखि मध्यम हिमपातको सम्भावना रहेका कारण चिसोबाट बच्न आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ । दिउँसो देशभर आंशिकदेखि सामान्य बदली रही पहाडी भूभागका थोरै स्थानमा हल्का वर्षा र उच्च हिमाली तथा पहाडी भूभागका केही स्थानमा हल्कादेखि मध्यम हिमपातको सम्भावना रहेको छ ।

बिहीबारदेखि मौसम क्रमिकरुपमा सुधार हुँदै आउने महाशाखाका मौसमविद् मञ्जु बासीले बताए । तत्कालै नयाँ मौसमी प्रणालीको विकास हुने सम्भावना नरहेकाले पनि आगामी दिनमा मौसम सुधार हुने उनको भनाइ छ ।

महाशाखाको पछिल्लो विवरणमा काठमाडौंको तापक्रम न्यूनतम ६ र अधिकतम तापक्रम ८ डिग्री सेल्सियस छ । वितेको २४ घण्टामा काठमाडौंमा ३५ मिलिमिटर वर्षा भएको छ । भैरहवामा ४१, पोखरामा ३१ र घोराहीमा ३१ मिलिमिटर वर्षा रेकर्ड भएको छ ।

# पर्यटक कम आए

चितवन (रासस)/ अघिल्ला वर्षमा क्रिस्मस अघिदेखि नयाँ वर्षसम्म सौराहाका होटलमा पर्यटकको निकै चहलपहल हुने गर्दथ्यो । यसवर्ष भने सोचे जस्तो चहलपहल नभएको व्यवसायीले जनाएका छन् ।

हरेक वर्ष क्रिस्मस र अंग्रेजी नयाँ वर्षको अघिल्लो रात सौराहामा कोठा पाउन मुस्किल हुने गर्दछ । यसवर्ष पनि ती दिन पर्यटकले भरिने भएपनि अघिल्ला र पछिल्ला दिनजस्तै पर्यटक नआएको व्यवसायीको गुनासो छ ।

क्षेत्रीय होटल संघ सौराहाका अध्यक्ष दीपक भट्टराईले गत वर्षमा क्रिस्मस अघिदेखि होटल ६५ प्रतिशत हाराहारी भरिने भए पनि यसवर्ष ४० प्रतिशत कट्न नसकेको बताए । नेकपा (एमाले)को महाधिवेशनपछि सौराहामा पर्यटकको संख्या बढ्दै जाने अपेक्षा गरिएको थियो ।

अध्यक्ष भट्टराईले कोरोना भाइरस संक्रमणको जोखिमले अर्थतन्त्रमा परेको प्रभावका कारण पर्यटकको आगमनमा कमी भएको हुनसक्ने बताए । उनले भने, "घुम्ने र रमाउनका लागि आर्थिक अभावका कारण पर्यटकमा कमि भएको हुनसक्छ ।"

कोभिडका कारण थला परेको पर्यटन व्यवसाय अब उठ्ने अपेक्षा व्यवसायीको थियो । क्रिस्मससँगै निकै पर्यटक बढ्ने अपेक्षा गरिएको भए पनि त्यसो हुन नसकेको उनले बताए ।

सौराहामा १२० होटल क्षेत्रीय होटल संघमा आवद्ध छन् । संघमा दर्ता नभएका अरु साना होटल पनि रहेका छन् । अध्यक्ष भट्टराईका अनुसार सौराहामा आठ हजार पर्यटक अट्नसक्ने क्षमता छ ।

संघका निवर्तमान अध्यक्ष सुमन घिमिरेले अब पर्यटक बढ्ने अपेक्षा गरेका छन् । बिदामा पर्यटक धेरै आउने भन्दै उनले अब शुक्रबार नयाँ वर्ष मनाउन पर्यटक बढी आउने आकलन गरिएको जानकारी दिए ।

नेपालमा तत्काल बुकिङ गर्ने प्रचलन भएकाले बिहीबारबाट होटलका बुकिङ एकाएक बढ्ने उनको विश्वास छ । यसवर्ष नयाँ वर्ष शनिबार परेकाले एक रात बस्ने धेरै हुने होटल व्यवसायी बताउँछन् । "बिहीबार भएको बिदा बारे पहिले जानकारी भएको भए बुधबारबाट पर्यटक बढ्नसक्थे", उनले भने । संघका महासचिव गुणराज थपलियाले कोभिडका कारण पर्यटक नआएको अनुमान गरे । उनले भने, "नेकपा एमालेको महाधिवेशनपछि सौराहामा पर्यटक घट्दैन भन्ने हाम्रो अनुमान थियो ।"

पछिल्लो समय ओमिक्रोन देखा परेसँगै आन्तरिक पर्यटक डराएको उनको भनाइ छ ।

हार्दिक बधाई तथा शुभकामना



सामाजिक क्षेत्रमा क्रियाशील **जेसी पवनकुमार कंसाकार** ज्यू, जेसीआई हेटौंडाको वर्ष २०२२ का लागि गरिमामय अध्यक्ष पदमा निर्वाचित हुनु भएकोमा उहाँलगायत कार्यसमितिका सम्पूर्ण पदाधिकारीको सफल कार्यकालको कामना गर्दै हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

**रवी गुप्ता (प्रोपाइटर)**
**एवम्**
**होटल प्रकाश प्रा.लि. परिवार**
**हेटौंडा-१०**

*के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?*

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ
प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
*tonerhouse_htd@yahoo.com*

# काष्ठमण्डप पुन:निर्माण सम्पन्न

काठमाडौं (रासस)/ विसं २०७२ को भूकम्पका कारण क्षति भएको ऐतिहासिक सम्पदा काष्ठमण्डप पुन:निर्माणको काम सम्पन्न भएको छ ।

उक्त सम्पदा काठमाडौं महानगरपालिकाको ११ करोड ५० लाख सहयोगमा स्थानीय उपभोक्ता समितिमार्फत् निर्माण गरिएको हो ।

आगामी माघ २ गते भूकम्प दिवसका दिन उद्घाटनको तयारी भइरहेको काष्ठमण्डप पुन:निर्माण समितिका अध्यक्ष राजेश शाक्यले जानकारी दिए । उद्घाटनकै दिन काष्ठमण्डपको ऐतिहासिक महत्व र पुन: निर्माणका क्रममा भएको जानकारी समावेश गरिएको पुस्तक प्रकाशनको तयारी छ ।

यही पुस मसान्तसम्म पुस्तक प्रकाशनको काम पूरा हुने शाक्यले बताए । मंसिरमै सम्पदा पुन:निर्माणको काम सकिएको हो । भूकम्पका कारण पूर्णरूपमा क्षति भएको उक्त सम्पदा ६ वर्षपछि पुन:निर्माण गरिएको हो ।

विसं २०७५ वैशाख १६ गतेदेखि पुन:निर्माणको काम समितिमार्फत सुरु गरिएको थियो ।

**६ जिल्लाबाट ल्याइयो काठ**

काष्ठमण्डप पुन:निर्माणका लागि तराईका ६ जिल्लाबाट ल्याइएका सालको काठ प्रयोग गरिएको छ । अध्यक्ष शाक्यका अनुसार काष्ठमण्डप पुन:निर्माणमा बारा, पर्सा, महोत्तरी, रौतहट, कञ्चनपुर र चितवनबाट ल्याइएको सालको काठ प्रयोग गरिएको छ ।

अन्यको तुलनामा सालको काठ बढी टिकाउ हुने भएकाले काष्ठमण्डप पुन:निर्माणमा सालको काठ प्रयोग गरिएको शाक्यको भनाइ छ ।

काष्ठमण्डपको मूल थाममा प्रयोग भएको काठ महोत्तरीबाट ल्याइएको हो । 'काष्ठमण्डपका मूल चार थाममध्ये एउटा थाम पुरानै र तीन नयाँ प्रयोग गरिएको छ । पुरानो थाम हजार वर्ष पुरानो हो भने नयाँ थाम महोत्तरीबाट ल्यायाइएको अग्राखको हो । पुन:निर्माणका क्रममा धेरै नयाँ काठको प्रयोग भए पनि केही पुराना काठको पनि प्रयोग छ ।

पुन:निर्माणका क्रममा काष्ठमण्डपमा काठबाहेक ढुङ्गा, माटो, इँटालगायतका सामग्री प्रयोग गरिएको छ ।

त्यसैगरी भूकम्पका कारण क्षति भएका विश्व सम्पदा सूचीमा सूचीकृत हनुमानढोका क्षेत्रको हालसम्म ३० सम्पदाको पुन:निर्माण सम्पन्न भएको छ । यहाँ ७० सम्पदामध्ये १२ मा भूकम्पले क्षति गरेको थिएन । भूकम्पले क्षतिग्रस्त ५८ सम्पदामध्ये २५ को पुन:निर्माण भइरहेको हनुमानढोका दरबार हेरचाह अयाले जनाएको छ ।

यस क्षेत्रका सम्पदामध्ये नासल चोक, राणाकालीन सेतो भवन, फरास खाना, पृथ्वीनारायण शाहको शयनकक्ष, त्रिभुवन स्मृति भवन, देगु तलेजु मन्दिरको आगामी दुई वर्षमा सक्नेगरी काम सुरु गरिएको छ ।

अहिले बनिरहेका सम्पदाको काम पूरा नगरी अन्य नयाँ काम सुरु गर्न नसकिने भएकाले अझै पुन:निर्माणको काम हुन नसकेको हो ।

# किसान कल्याणको कारोबार ८ करोड

साझाकुरा संवाददाता

हेटौंडा/किसान कल्याण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको २२ औं वार्षिक साधारणसभा भएको छ ।

हेटौंडा-८ कमानेमा संचालित सहकारीले संस्थाले गत आर्थिक वर्ष २०७७/०७८ मा ८ करोड २१ लाख ६८ हजार रुपैयाँ कारोबार गरेको छ । संस्थाका अध्यक्ष मोतिलाल लामाले संस्थाको प्रगति प्रतिवेदन पेश गर्दै गत असार मसान्तसम्म संस्थामा १ हजार २ सय २० जना सेयर सदस्य रहेको जानकारी दिए ।

सहकारीको शेयर पुंजी ९१ लाख २० हजार रुपैयाँ रहेको छ । संस्थाले केही समयमा नै तेल उद्योग स्थापना गरेरे चालु आर्थिक वर्षमै तेल बिक्रिबाट ३५ लाख रुपैयाँको कारोबार गर्ने लक्ष्य लिएको छ । उद्योग स्थापनाका लागि आवश्यक प्रक्रिया अघि बढाइएको लामाले बताए ।

सहकारीका अध्यक्ष लामाको सभाध्यक्षता भएको साधारणसभामा प्रदेश सहकारी बोर्डका कार्यकारी उपाध्यक्ष नारायण देवकोटाको प्रमुख आतिथ्यमा साधारण सभा आयोजना भएको हो ।

कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरकी सदस्य गणेश कुमारी श्रेष्ठ, हेटौंडा-८ का वडा अध्यक्ष गोपाल बहादुर श्रेष्ठ, वडा सदस्यहरु, राष्ट्रिय सहकारी बैंकका मकवानपुर शाखा प्रवन्धक रामेश्वर अर्याल, जिल्ला बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष रामहरी न्यौपानेको पनि आतिथ्य रहेको थियो ।


## साधारणसभा सम्बन्धि सूचना

प्रस्तुत विषयमा यस संस्थाको मिति २०७८ मंसिर ७ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस संस्थाको २२ औं वार्षिक साधारणसभा देहायमा उल्लेखित प्रस्तावहरुमा छलफल गरी निर्णय गर्नको लागि निम्न मिति समय र स्थानमा तय गरिएको हुदा यहाँको अनिवार्य उपस्थितीको लागि हार्दिक आमन्त्रण गरिन्छ ।

**प्रस्तावहरु**

१. अध्यक्षज्युको वार्षिक नीति सहितको संस्थागत प्रतिवेदन सम्बन्धमा ।
२. आर्थिक वर्ष २०७८/२०७९को बार्षिक योजना तथा बजेट सम्बन्धमा ।
३. आर्थिक बर्ष २०७७/२०७८, को लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा ।
४. लेखा समितिको प्रतिवेदन सम्बन्धमा ।
५. ऋण उप समितिको प्रतिवेदन सम्बन्धमा ।
६. आर्थिक वर्ष २०७८/२०७९ को लागी लेखा परिक्षक नियुक्ती तथा पारिश्रमिक निर्धारण सम्बन्धमा ।
७. सञ्चालक समिति तथा लेखा समितिको निर्वाचन सम्बन्धमा ।
८. निर्णय पुस्तिका प्रमाणित सम्बन्धमा ।
९. बिनियममा थप व्यवस्था एव संशोधन सम्बन्धमा ।
१०. सेवा केन्द्र थप सञ्चालन सम्बन्धमा
११ विविध

**निम्न:**
**मिति:** २०७८ पौष १७ गते शनिवार
**स्थान:** तासिर ईङलिस बोडिङ स्कुलको प्राङगण हेटौडा ७ (हेटौडा बचतको केन्द्रिय कार्यालय नजिक)
**समय:** विहान १० बजेदेखी

सम्बन्धित शेयर सदस्य अनिवार्य परिचय पत्र सहित स्वयम् उपस्थित हुनुपर्ने छ ।

**सचिव**
रामजी प्रसाद पौडेल

**हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि.**
केन्द्रीय कार्यालय हेटौंडा-७, नागस्वती


# बार्षिकोत्सवमा रक्तदान



साझाकुरा संवाददाता

हेटौंडा/नारायणी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले आफ्नो २६ औं बार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम आयोजना गरेको छ ।

सहकारीले बिहीबार रक्तदान कार्यक्रमको आयोजना गरेको हो । कार्यक्रममा १४ जनाले रक्तदान गरेका छन् । रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम भएको हो ।

सहकारीका अध्यक्ष जंगबहादुर गुरुङको अध्यक्षता तथा मकवानपुर जिल्ला सहकारी संघका अध्यक्ष नारायण देवकोटाको प्रमुख आतिथ्यमा रक्तदान कार्यक्रम भएको हो ।

# मनहरी होटल एसोसिएसनमा श्रेष्ठ चयन

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुर पश्चिमी व्यापारिक केन्द्र मनहरी गाउँपालिका होटल एसोसिएसनमा कृष्ण श्रेष्ठ सर्वसम्मत चयन भएको छ ।

एसोसिएसनको दोश्रो साधारणसभा तथा प्रथम अधिवेशनबाट श्रेष्ठको नेतृत्वमा ११ सदस्यीय कार्यसमिति चयन भएका हुन् । उपाध्यक्षमा चन्द्रमान श्रेष्ठ, सचिवमा लक्ष्मण गिरी सहसचिवमा बञ्चुराम थापा र कोषाध्यक्षमा शुन्दर श्रेष्ठ चयन भएका छन् ।

सदस्यहरुमा राजेश कर्माचार्य, लक्ष्मी खड्का, पर्वती सुवेदी, सागर स्याङ्तान र प्रकाश स्याङ्तानलाई चयन गरिएको निवर्तमान अध्यक्ष गणेशमान मनान्धरले जानकारी दिए । कार्यक्रम निवर्तमान अध्यक्ष मनान्धरको सभाध्यक्षतामा भएको हो ।


## लाइसेन्स हराएको सूचना

मेरो निम्न व्यहोराको सवारी चालक अनुमतिपत्र (लाइसेन्स) मिति २०७८ पुस ४ गते हेटौंडा बजारबाट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा सम्पर्क गरी बुझाइदिनु हुन अनुरोध गरिन्छ ।

**नाम:** कृष्ण कुमार न्यौपाने
**लाइसेन्स नम्बर:** ०५-११८७५
**ठेगाना:** हेटौंडा-१ मकवानपुर
**सम्पर्क नं.:** ९८४५१०६७७२

## हार्दिक बधाई



बाल जागृति इंग्लिस सेकेण्डरी स्कूल हेटौंडा-२ का संचालक/प्रिन्सिपल **श्री बिनोद सुवेदी** ज्यू, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) मकवानपुरको सम्पन्न आठौं अधिवेशनबाट सर्वसम्मत गरिमामय अध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाईसहित उहाँ नेतृत्वको समितिको सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

दिपेश जोशी (विद्यालय निर्देशक) एवम्
**नवोदय शिशु सदन इंग्लिस सेकेण्डरी स्कूल, परिवार**
हेटौंडा-४, कमलडाँडा, मकवानपुर

## सम्पूर्ण दाहाल बन्धुहरूलाई हार्दिक आमन्त्रण

दाहाल प्रतिष्ठानको आयोजनामा मिति २०७८ पुस १७ गते शनिबार बृहत बनभोज तथा पारिवारिक भेटघाट कार्यक्रमको आयोजना गरिएको हुँदा मकवानपुर जिल्लामा रहनुभएका सम्पूर्ण दाहाल बन्धुहरुलाई स-परिवार उपस्थित भइदिनु हुन अनुरोध गर्दछौं ।

**मिति:** २०७८ पुस १७ गते शनिबार
**समय:** बिहान ७:०० बजे
**स्थान:** बनस्खण्डी मन्दिर, हेटौंडा-२

**दाहाल प्रतिष्ठान, हेटौडा**

## हार्दिक बधाई तथा शुभकामना



सामाजिक क्षेत्रमा क्रियाशील **जेसी पवनकुमार कंसाकार** ज्यू, जेसीआई हेटौंडाको वर्ष २०२२ का लागि गरिमामय अध्यक्ष पदमा निर्वाचित हुनु भएकोमा उहाँलगायत कार्यसमितिका सम्पूर्ण पदाधिकारीको सफल कार्यकालको कामना गर्दै हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

**सुशीलप्रसाद सेनुरिया (अध्यक्ष) एवम्**
**संयुक्त मधेशी सेवा समाज, नेपाल परिवार**

## हार्दिक बधाई तथा शुभकामना



सामाजिक क्षेत्रमा क्रियाशील **जेसी पवनकुमार कंसाकार** ज्यू, जेसीआई हेटौंडाको वर्ष २०२२ का लागि गरिमामय अध्यक्ष पदमा निर्वाचित हुनु भएकोमा उहाँलगायत कार्यसमितिका सम्पूर्ण पदाधिकारीको सफल कार्यकालको कामना गर्दै हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

**राजाबाबु दास कथबनियाँ (अध्यक्ष) एवम्**
**सिन्दुरिया समाज, नेपाल परिवार, हेटौडा**

## हार्दिक बधाई तथा शुभकामना



सामाजिक क्षेत्रमा क्रियाशील **जेसी पवनकुमार कंसाकार** ज्यू, जेसीआई हेटौंडाको वर्ष २०२२ का लागि गरिमामय अध्यक्ष पदमा निर्वाचित हुनु भएकोमा उहाँलगायत कार्यसमितिका सम्पूर्ण पदाधिकारीको सफल कार्यकालको कामना गर्दै हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

**सुशीलप्रसाद सेनुरिया (प्रोपाइटर) एवम्**
**गोदावरी आइरन स्टोर प्रा.लि. हेटौंडा, परिवार**



## खुल्यो ! खुल्यो

नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै
लोकल कुखुरालगायत मासुको आइटमको मीठो स्वाद
*अब होटल म्याक्समा*
**होटल MAX**
हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७

## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**


Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Medical Officer | 1 | Min Rs. 35000 | MBBS |
| 2 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 3 | Lab Technologist | 1 | 18000-25000 | BMLT/NHPC registered |
| 4 | CMA/ANM | Few | Negotiable | TSLC |
| 5 | Receiptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.




**RAJ MOTORS**
Hetauda-10
057-526460, 9855068060, 9845025934




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

साझाकुरा
"तपाई, हामी सबैको कुरा "
www.sajhakuranews.com
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना